<u>निर्णयहरुः</u>

**निर्णय नं. १**

आर्थिक वर्ष २०७४/०७५ को वार्षिक बजेट तथा कार्यक्रमको चौमासिक लक्ष्य, प्रगति र प्राप्त उपलव्धीका सम्वन्धमा समीक्षा गरियो। चालु आ.व. को बितेको चौमासिक अवधिमा चालु खर्चतर्फ सन्तोषजनक प्रगतयि भए तापनि पूँजिगत खर्चमा खासै उल्लेख्य उपलव्धी हासिल भएको नपाइएकोले आगामी दिनमा लक्ष्य प्राप्तिका लागि आवश्यक कार्ययोजना बनाई समयमा नै तोकिएको उपलव्धी हासिल गर्न दृढ संकल्पका साथ प्रयत्नशील रहने।

**निर्णय नं. २**

आर्थिक वर्ष २०७४/०७५ को वार्षिक बजेट तथा कार्यक्रमको प्रथम चौमासिक अवधि व्यथित भइसक्दा समेत सन्तोषजनक प्रगति हासिल हुन नसकेको अवस्था एवं सेवा प्रवाहका समग्र अवस्थालाई समेत मध्येनजर गर्दै पूर्वाधार विकास, सेवा वितरण र स्थानीय शासन क्लष्टर कायम गरी आगामी कार्यालय प्रमुखको बैठकमा क्लष्टरगत प्रस्तुति गर्ने।

**निर्णय नं. ३**

यस अधिको बैठकबाट सबै कार्यालयहरुले कर्मचारीहरुलाई स्थायी लेखा नम्वर लिन लगाउने र अनिवार्य रुपमा e-TDS गर्ने व्यवस्था मिलाई सोको प्रगति विवरण आगामी कार्यालय प्रमुखको बैठकमा पेश गर्ने भनी निर्णय भएकोमा हालसम्म पनि e-TDS गर्ने व्यवस्था मिलाएको जानकारी हुन नआएको हुँदा यथाशीघ्र उक्त व्यवस्था मिलाई जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयलाई जानकारी गराउने । साथै प्राविधिक सहायताका लागि आन्तरिक राजस्व कार्यालयसँग आपसी समन्वय गर्ने।

**निर्णय नं. ४**

जिल्लामा अन्तिम लेखा परीक्षणको सिलसिलामा महालेखा परीक्षकको कार्यालयबाट डोर खटिइ आएको हुँदा सबै कार्यालयहरुले नियमानुसार लेखा परीक्षण गराउने र पुराना बेरुजु फर्स्योट सम्वन्धी काम समेत डोर मुकामबाट हुने भएकोले आ-आफ्नो कार्यालयको बाँकी बेरुजु फर्स्योट गर्न गराउन विशेष पहलकदमी लिने ।

**निर्णय नं. ५**

हिउद याममा विशेष गरी पूर्वी चितवन र पश्चिम चितवनको समथर भूभागमा शीतलहरीको प्रकोप हुने सम्भावना भएकोले सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुले सोबाट पीडित हुन सक्ने घर परिवारको लगत एकिन गरी गराई तात्कालिक राहतका लागि जिल्ला प्रशासन कार्यालयमा विवरण उपलब्ध गराउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

जितेन्द्र बस्नेत,
प्रमुख जिल्ला अधिकारी